राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मिति: २०८१/१२/२५ गते

विषय: कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मिति: २०८१/१२/२२ गते

प्रस्तावहरु:

१. कानून निर्माण गर्ने सम्बन्धमा ।
२. नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिका लागि आह्वान गरिएका ठेक्का सम्बन्धमा ।
३. अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।
४. विविध ।

निर्णय हुनु पर्ने व्यहोरा:

१. गाउँपालिकाको आवश्यकता अनुसार देहायका कानून निर्माण/संशोधन प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति प्रदान गर्नुपर्ने ।
   क) राजपुर गाउँपालिकाको खरिद सम्बन्धी नियमावली २०७६ संशोधन
   ख) जलश्रोत उपयोग सम्बन्धी कार्यविधि २०८१ निर्माण
२. यस गाउँपालिका अन्तरगतका नदि खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिका लागि मिति २०८१/११/२७ मा ठेक्का आह्वान गरिएकोमा सूचनाको म्याद भित्र पर्न आएका बोलपत्र/दरभाउपत्रहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सिफारिस भएका ठेक्काहरु स्वीकृत गर्ने र कबोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको बैंक खातामा नगदै जम्मा गराई बाँकी ५०% रकमको बैंक जमानत लिइ निजहरुसँग सम्झौता गरी कार्यान्वयन गर्नुपर्ने ।
३. यस चालु आ.व.मा यस गाउँपालिका क्षेत्रका नदी तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिका लागि ठेक्का लागेका तथा अन्य स्थानहरुको नदी जन्य पदार्थको सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षणका लागि अनुगमन समिति गठन गर्नुपर्ने।
४. अन्य निर्णयहरु

निर्णयहरु:

१. गाउँपालिकाको आवश्यकता अनुसार देहायका कानून निर्माण/संशोधन प्रक्रिया अगाडि बढाउन सैदान्तिक सहमति प्रदान गर्ने ।

ग) राजपुर गाउँपालिकाको खरिद सम्बन्धी नियमावली २०७६ संशोधन

घ) जलश्रोत उपयोग सम्बन्धी कार्यविधि २०८१ निर्माण

२. यस गाउँपालिका अन्तरगतका नदि खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा बिक्रिका लागि मिति २०८१/११/२७ मा ठेक्का आह्वान गरिएकोमा सूचनाको म्याद भित्र पर्न आएका बोलपत्र/दरभाउपत्रहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सिफारिस भएका तपसिलका ठेक्काहरु स्वीकृत गर्ने र कबोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको बैंक खातामा नगदै जम्मा गराई बाँकी ५०% रकमको बैंक जमानत लिइ निजहरुसँग सम्झौता गरी कार्यान्वयन गर्ने ।

| क.स. | ठेक्का नं. | खोला/घाट | उत्खनन गर्न सकिने परिमाण (घ.मि.) | लागत अनुमान (मू.अ.कर समेत) | कबोल अंक (मू.अ.कर समेत) | कबोल गर्ने कम्पनी |
|---|---|---|---|---|---|---|
| १ | 03/RRM/DANG/ RBM-2081/082 | रामी नदी, खरदरिया घाट -२ | १२२५.० | ३,९९,९९९.८३ | ५,७७,४२६.०५ | अमुल एण्ड भुपेन्द्र कन्स्ट्रक्सन सप्लायर्स, राजपुर-३, दाङ |
| २ | 06/RRM/DANG/ RBM-2081/082 | रामी नदी, गहिरा घाट | ३६७५.० | ११,७३,३५९.५१ | १५,९८,८०८.७५ | अमुल एण्ड भुपेन्द्र कन्स्ट्रक्सन सप्लायर्स, राजपुर-३, दाङ |

३. यस चालु आ.व.मा यस गाउँपालिका क्षेत्रका नदी तथा खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन तथा विक्रिका लागि ठेक्का लागेका तथा अन्य स्थानहरुको नदी जन्य पदार्थको सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षणका लागि तपसिल बमोजिमको अनुगमन समिति गठन गर्ने।

तपसिल:

गाउँपालिका अध्यक्ष -संयोजक

गाउँपालिका उपध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

गाउँपालिका प्रवक्ता तथा ६ नं. वडा अध्यक्ष - सदस्य

प्राविधिक शाखा प्रमुख - सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

राजश्व शाखाको जिम्मेवारी हेर्ने कर्मचारी -सदस्य

अनुगमन समितिले आवश्यकता अनुसार अन्य सदस्य तथा विज्ञहरु आमन्त्रित गर्न सक्ने छ । साथै उक्त अनुगमन समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

अनुगमन समितिको कार्यविवरण:

क.अनुगमन समितिले ठेक्का कार्यान्वयन गर्दा स्थलगत अनुगमन गरी कार्यान्वयन गराउने,

ख. नदिजन्य पदार्थ उठाउने अवधि आधा आधा जति व्यतित भएपछि स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिने,

ग. हेभी मेसिनको प्रयोग गर्ने गरी माग भएको अवस्थामा स्थलगत अनुगमन गरी कार्यपालिकामा सिफारिस गर्ने,

घ. नदिजन्य पदार्थ उठाउने अवधि समाप्त भएको घाटहरुको अनुगमन गरी कार्य बन्द गराउने,

ङ. आवश्यकता अनुसार गाउँपालिका भित्रको जुनसुकै स्थानहरुको जुनसुकै समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने लगायतका कार्य गर्ने,

च. कुनै किसिमका विवाद वा गुनासो आएमा समाधान गर्ने,

छ. दिइएका निर्देशन कार्यान्वयन नगर्ने पक्षलाई आवश्यक कार्वाहीका लागि सम्वन्धित निकायमा पत्राचार गर्ने.

४. विविध

क) दाङ जिल्ला खेलकुद विकास समितिको च.नं. ८६ मिति २०८१/१२/८ गतेको पत्रानुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालनका लागि सहयोग माग भइ आएकाले गाउँपालिका कप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन शिर्षकवाट रु १ लाख आर्थिक सहयोग उपलब्ध गराउने ।

ख) राजपुर गाउँपालिकाले लिएको कक्षा ८ को आधारभूत तह परीक्षाको केन्द्र साधारण नमूना मा.वि. गंगदीमा परीक्षामा सहभागी हुन आएका गाउँपालिकाको नाका क्षेत्रका विद्यार्थीहरुका लागि परीक्षा संचालनको समयसम्म खाना तथा खाजाको व्यवस्थापनका लागि भएको खर्च रु १ लाख ६ हजार २ सय ७४ रुपैया गाउँपालिका स्तरिय परीक्षा सञ्चालन तथा व्यवस्थापन शिर्षकबाट भूक्तानी दिने।

ग) राजपुर गाउँपालिका वडा नं. ६ को च.नं. ३७४ मिति २०८१/१२/३ गतेको पत्रानुसार खानेपानी तथा सरसफाई कार्यालय घोराही दाङबाट वडा नं. ६ खांग्रानाकासम्म खानेपानी पाइप ढुवानी गरेबापत कल्याणपुर खानेपानी क्रमागत शिर्षकबाट तपसिल अनुसार गाडीभाडा भुक्तानी दिने ।

| क.स. | भुक्तानी पाउने व्यक्ति | गाडी नं. | भुक्तानी हुने रकम | |
|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद डाँगी, घोराही-१३ | ना. १ क ६९६८ | ३२,०००/- | |
| २ | मधु चौधरी, राजपुर-६ | रा १ त ४६२८,<br>रा १ त १२५२,<br>रा १ त ४२४५ | ४५,६००/- | |
| जम्मा रकम | | | ७७,६००/- | |

घ) नेपाल मगर संघ राजपुर गाउँपालिकाको मिति २०८१/११/१५ गते ४३ औं मगर एकता दिवस कार्यक्रम संचालनका क्रममा रु ९९,१०६/- खर्च भुक्तानीका लागि मिति २०८१/११/१९ गते आर्थिक सहयोग माग भइ आएकाले भाषा तथा संस्कृति संरक्षण कार्यक्रम शिर्षकबाट उक्त रकम भुक्तानी दिने ।